# शेष-हीरा प्रतिष्ठान
# २०५२ को
# विधान

## परिच्छेद – १

प्रस्तावना

हाम्रा परम पुज्य पिताजी तथा माताजीबाट प्रेरीत भएर राष्ट्रको बालबालिका युवा युवतीहरुमा अर्न्तनिहित प्रतिभा एवं शिपहरुलाई जागृत तुल्याई राष्ट्र विकासको पावन कार्यमा सार्थक योगदान गराउन सक्षम बनाउने सद-उद्देश्यले अभिप्रेरित भएर शिक्षा, संस्कृति, कला, साहित्य र ज्ञान विज्ञानको जगेर्ना एवं विकास गर्न आवश्यक प्रेरणा उपलव्ध गराउनको लागि गैर राजनैतिक प्रतिष्ठान (संस्था) को रुपमा "शेष - हीरा प्रतिष्ठान" को स्थापना गरिएको हो ।

१.प्रतिष्ठानको नामः :-
शेष-हीरा प्रतिष्ठान **(Shes Heera Foundation)**

२.यो विधान प्रतिष्ठान दर्ता भएको मिति देखि तुरुन्त लागु हुनेछ ।

३.प्रतिष्ठानको कार्यालय :-

प्रतिष्ठानको कार्यालय ताहाचल, काठमाडौं स्थित शेष-हीरा निवासमा रहनेछ, शाखा र सम्पर्क कार्यालयहरु आवश्यकता अनुसार कानून वमोजिम खोल्न सकिने छ र तोकिए वमोजिम ठाउँमा तिनको कार्यालय रहने छ ।

४. प्रतिष्ठानको हैसियत :-

(क) अविछिन्न उत्तराधिकार कायम राख्ने यो पूर्ण स्वसासित प्रतिष्ठान (संस्था) हुनेछ ।
(ख) प्रतिष्ठानको आफ्नो कार्य संचालनका निमित्त छुट्टै छाप र चिन्ह प्रयोगमा ल्याउने छ ।

५. प्रतिष्ठानः-

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमा उल्लेखित देहायका परिभाषा देहाय वमोजिम रहने छन् ।

(क) "विधान" भन्नाले शेष-हीरा प्रतिष्ठान २०५२ को विधानलाई सम्भनु पर्नेछ ।
(ख) "सदस्य" भन्नाले प्रतिष्ठानको उद्देश्यमा सहभागि हुने सबै सदस्यलाई सम्भनु पर्दछ ।
(ग) "प्रतिष्ठान" भन्नाले शेष-हीरा प्रतिष्ठान (संस्था) लाई सम्भनु पर्दछ ।
(घ) "साधारणसभा" भन्नाले प्रतिष्ठानका सबै सदस्यहरुको गणपुरक भेलालाई बुझाउँछ
(ङ) "संस्थापक सदस्य" भन्नाले प्रतिष्ठान स्थापना कालमा संलग्न रहनु भएका सदस्यहरुलाई सम्भनु पर्दछ ।
(च) "तोकिएको वा तोकिए वमोजिम" भन्नाले यो विधान र विधान अर्न्तगत बन्ने नियममा उल्लेख गरेको व्यवस्था समेतलाई सम्भनु पर्दछ ।

## परिच्छेद - २

६. प्रतिष्ठान (संस्था) को उद्देश्य देहाय वमोजिम रहनेछ :-

(क) नेपाली बालबालिका नव युवक तथा युवतीहरुमा अर्न्तनिहित प्रतिभाको प्रस्फुरण गर्ने गराउने ।
(ख) शिक्षा, संस्कृति, कला, साहित्य र ज्ञान विज्ञानको विकासमा आवश्यक सहयोग गर्ने गराउने ।
(ग) परम्परा रीतिरिवाजको जगेर्ना गर्दै नेपालीपन कायम राख्न आवश्यक कार्यहरु गर्ने गराउने ।
(घ) प्रतिभाशाली व्यक्तिको लागि छात्रवृति प्रदान गर्ने गराउने ।
(ङ) सभा, गोष्ठि, सम्मेलन, प्रकाशन आदिको आयोजना गर्ने गराउने ।
(च) विभिन्न प्रकारका वृति, पुरस्कार, कोष स्थापना गर्ने गराउने ।
(छ) विभिन्न कार्यक्रमहरु संचालन गर्दा आवश्यकता अनुसार सम्वन्धीत निकायको स्विकृति लिनु पर्नेमा स्विकृति लिई र समन्वय समेत कायम राखी संचालन गरीने छ ।
* (ज) यो प्रतिष्ठान मुनाफा रहित जनहितकारी हुनेछ ।

७. प्रतिष्ठानको सदस्यता :-

१६ वर्ष उमेर पुगेका नेपाली नागरिकहरुले प्रतिष्ठानको सदस्य वन्न यस प्रतिष्ठानको सदस्यहरु मध्ये १ (एक) सदस्यको सिफारिस १ (एक) सदस्यको समर्थन प्राप्त गरी सदस्यताको लागि निवेदन दिई सो निवेदनलाइ ं कार्य समितिले स्विकृत दिएमा प्रतिष्ठानको सदस्यता प्राप्त गर्न सक्ने छ ।

८. प्रतिष्ठानको सदस्य निम्न वमोजिम हुनेछ :-

(क) साधारण सदस्य
(ख) आजिवन सदस्य
(ग) मानार्थ सदस्य
(घ) सह सदस्य

९. सदस्यता शुल्क र नविकरण

१. सदस्यता शुल्क निम्न वमोजिम हुनेछ :

(क) साधारण सदस्य
साधारण सदस्यताको लागि प्रवेश शुल्क रु. १०,०००।- र वार्षिक सदस्यता शुल्क रु. १०००।- लाग्ने छ ।

(ख) आजिवन सदस्य
रु. २५,०००।- भन्दा बढि एक मुष्ट रकम दिने व्यक्ति यो प्रतिष्ठानको आजिवन सदस्य हुनेछन् ।

(ग) मानार्थ सदस्य
लब्ध प्रतिष्ठित व्यक्तिलाई प्रतिष्ठानको कार्य समितिले निर्णय गरी मानार्थ सदस्यमा मनोनयन गन ं सक्नेछ ।

(घ) सह-सदस्य
यस प्रतिष्ठानको सह सदस्य हुन चाहने व्यक्तिले प्रवेश शुल्क रु. १०००।- सहित आवेदन दिने व्यक्तिलाई प्रतिष्ठानले सह सदस्यता प्रदान गर्न सक्ने छ । यो प्रतिष्ठानको सह सदस्यलाई प्रतिवष ं रु. १०००।- सह सदस्य शुल्क दिनु पर्नेछ । सह सदस्यलाई साधारण सभामा भाग लिन र मत खसाल्ने अधिकार हुने छैन । नविकरण दस्तुर रु. १०००।- हुनेछ ।

२. नविकरण

प्रत्येक वर्षको चैत्र मसान्त सम्ममा वार्षिक सदस्यता शुल्क बुझाई सदस्यता नविकरण गरी अर्धकट्टी लिइसक्नु पर्नेछ । आजीवन र मानार्थ सदस्यलाई सदस्यता नविकरण गराउनु पर्ने छैन ।

१०. सदस्यता समाप्ति :-

निम्न अवस्थामा सदस्यता समाप्ति हुनेछ :-
(क) राजिनामा दिएमा
(ख) सदस्यको मृत्यु भएमा ।
(ग) प्रतिष्ठानको हित उद्देश्य विपरित कार्य गरेमा ।
(घ) लगातार तीन वर्ष सम्म सदस्यता नविकरण नगरेमा ।

११. सदस्यता निलम्बन र समाप्ति :-

प्रतिष्ठान (संस्था) को उद्देश्य विपरितको कार्य जानीबुझि गरेको प्रमाणित भएमा कसुरको मात्रा हेरी निश्चित अवधि तोकि वा नतोकि सदस्यताबाट निलम्वन गर्न सक्नेछ । निलम्वन वा समाप्ति कुनै निर्णय गर्नु अघि स फाईको मौका दिन बाट भने वन्चित गरिने छैन ।

## परिच्छेद - ३

१२. साधारणसभा

(क) सह सदस्य वाहेक सबै प्रकारका सदस्यहरु साधारण सभाका सदस्य मानिने छन् । यो सभा प्रतिष्ठान (संस्था) को सर्वोच्च सभा हुनेछ ।
(ख) साधारण सभा वर्षको १ पटक बोलाइने छ ।
(ग) सभा हुने सूचना प्रत्येक सदस्यलाई १५ दिन अगाडि दिइने छ ।

१३. साधारण सभाको गणपुरक संख्या, काम कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :-

१. गणपुरक संख्या
साधारण सभामा कुल सदस्यको दुई तिहाईलाई गणपुरक संख्या मानिने छ ।

२. साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :-
(क) साधारण सभामा पेश भएको प्रतिवेदन, आयव्यय विवरण माथि छलफल गरी पारित गर्ने ।
(ख) कार्य समितिको निर्वाचन गराउने ।
(ग) प्रतिष्ठान (संस्था) को लागि कार्यक्रमको तर्जुमा गर्ने ।
(घ) कार्य समितिलाई निर्देशन दिने र आगामि वर्षको लागि समेत कार्यक्रम निर्धारण गर्ने ।
(ङ) प्रतिष्ठान (संस्था) को अनुमानित आम्दानि खर्चको बजेट पारित गर्ने ।
(च) इजाजत प्राप्त लेखा परीक्षकको नियुक्ति गर्ने र पारिश्रमिक तोक्ने ।
(छ) आवश्यकता अनुसार विशेष प्रस्तावलाई विधानको संशोधन गर्न सक्ने छ ।

१४. कार्य समितिको गठन

(क) साधारण सभाबाट प्रत्येक ३ (तिन) वर्षका लागि अध्यक्ष १, उपाध्यक्ष २, सदस्य सचिव १, कोषाध्यक्ष १ र सदस्य ८ समेत १३ जना सम्मको कार्य समितिको गठन हुनेछ ।
(ख) कार्य समितिका पदाधिकारी वा सदस्यको पदावधि निम्न अवस्थामा समाप्त हुन सक्ने छ ।
१) लिखित राजिनामा दिई कार्य समितिबाट स्विकृति भएमा,
२) विना सूचना बैठकमा लगातार ३ तीनपटक सम्म अनुपस्थिती रहेमा र
३) मृत्यु भएमा ।

१५. कार्य समितिको बैठक

(क) अध्यक्षको सल्लाह मुताविक सदस्य सचिवले बैठक बोलाउने छ ।
(ख) कम्तिमा वर्षको ४ चार पटक बैठक बस्ने छ ।
(ग) कार्य समितिका सबै निर्णयहरु लिखित रुपमा रहने छन् ।
(घ) गणपुरक संख्या ५०% + १ (पचास प्रतिशत + एक ) हुनेछ ।

१६. कार्य समितिको अधिकार

(क) साधारण सभाको निर्णयको कार्यान्वयन गर्ने ।

(ख) कुनै कारणले पद रिक्त भएमा साधारण सभा नभए सम्मको लागि कार्य समितिको बैठकले सब सम्मत वा बहुमतले सो पदमा मनोनयन गर्नेछ ।

(ग) अनुसन्धान, अध्ययन, पुरस्कार, छात्रवृति, तालीम, प्रतिभा प्रवर्धन, प्रचार प्रसार आदिको लागि विभिन्न कोषको व्यवस्था गर्न सो कार्यको लागि सदस्यहरु मध्येबाट समिति, उपसमिति तथा सम्पर्क समिति बनाउने ।

(घ) कार्य संचालनको लागि आवश्यक पर्ने कर्मचारि नियुक्ति गर्ने ।

(ङ) आफ्नो अधिकार प्रतिष्ठानको कुनै पदाधिकारी, सदस्य वा सदस्यहरुलाई सुम्पन सक्ने छ ।

(च) प्रतिष्ठानको उद्देश्य वमोजिम कार्य गर्ने र अन्य आवश्यक कारवाही गर्ने, सम्पत्तिको संरक्षण, सम्वर्धन र नियन्त्रण गर्ने ।

(छ) प्रतिष्ठानको संरक्षण, सम्वर्धन र विकासमा सहयोग पुऱ्याउने व्यक्तिलाई कार्य समितिले आवश्यकता अनुसार प्रतिष्ठानको सल्लाहकारका रुपमा आमन्त्रण गर्न सक्ने छ ।

## परिच्छेद - ४

### पदाधिकारीहरुको लागि काम, कर्तव्य र अधिकार

१७. अध्यक्षका काम, कर्तव्य र अधिकार

(क) साधारण सभा वा कार्य समितिको बैठकमा सभापतित्व गर्ने ।

(ख) बैठक वा सभामा मत बराबर भएमा निर्णयात्मक मत दिने ।

(ग) कार्य समितिले अधिकार प्रदान गरेको सबै कार्य गर्ने ।

(घ) प्रतिष्ठानको उद्देश्य पूर्तिका लागि राष्ट्रिय र अर्न्तराष्ट्रिय सरकारी, गैरसरकारी निकाय, र संघ संस्थाहरु संग सम्पर्क, सम्झौता गर्ने गराउने ।

१८. उपाध्यक्षको काम, कर्तव्य र अधिकार

(क) अध्यक्षको अनुपस्थितिमा अध्यक्षको कार्य गर्ने ।

(ख) प्रतिष्ठानको उद्देश्य प्राप्तिका लागि आवश्यक कार्य गर्ने ।

(ग) प्रतिष्ठानको कार्यक्रमको लागि कार्य गर्ने ।

१९. सदस्य सचिवको काम, कर्तव्य र अधिकार

(क) प्रतिष्ठानको प्रशासनिक जिम्मेवारी वहन गर्ने ।

(ख) प्रतिष्ठानको सम्पत्तिको संरक्षण र सम्भार गर्ने ।

(ग) अध्यक्षको स्विकृति लिई बैठकहरु बोलाउने ।

(घ) निर्णय पुस्तकहरु र अरु सम्पूर्ण कागजातहरु सुरक्षित संग राख्ने ।

(ङ) प्रतिष्ठानको विकासको लागि विभिन्न योजना तर्जुमा गरी संगठित रुपमा लोकप्रिय बनाउन प्रयत्नशील रहने ।

(च) कार्य समितिको निर्णयहरु कार्यान्वयन गराउने ।

२०. कोषाध्यक्षको काम, कर्तव्य र अधिकार

(क) प्रतिष्ठानको आय, व्ययको सम्पूर्ण हिसाव राख्ने ।

(ख) वार्षिक बजेट बनाउने र वार्षिक लेखा प्रतिवेदन साधारण सभामा पेश गर्ने ।

(ग) प्रतिष्ठानले कुनै व्यक्ति वा संस्था संग आर्थिक लेनदेनको कार्य गर्ने ।

(घ) अध्यक्ष वा सदस्य सचिव मध्ये एक र कोषाध्यक्ष समेत दुई व्यक्तिको संयुक्त हस्ताक्षरबाट बैंक खाताखोली संचालन गर्ने ।

२१. प्रतिष्ठानको कोष

प्रतिष्ठानको एउटा मूल (निक्षेप) कोष रहने छ जसमा संस्थापक सदस्यहरु मार्फत प्राप्त हुने रकम र प्रवेश शुल्कको रकम जम्मा गरिने छ । मूल कोषबाट खर्च गरिने छैन । मूल कोषको रकमबाट प्राप्त हुने व्याज स दस्य शुल्क र अन्य स्रोतबाट प्राप्त हुने रकम प्रतिष्ठानको उद्देश्य पुर्ति र कार्यालय संचालनको लागि खच ´ गरिने छ ।

२२. कोषको संचालन

(क) अध्यक्ष वा सदस्य सचिव मध्ये एक र कोषाध्यक्ष समेत दुई व्यक्तिको संयुक्त हस्ताक्षरबाट कोषको खाता संचालन हुनेछ ।
(ख) प्रतिष्ठानको रकम कुनै बैंकमा खाता खोली राखिने छ ।
(ग) कोषको रकम कार्य समितिबाट पारित कार्यक्रममा खर्च गरिने छ ।

२३. लेखा परीक्षण

(क) प्रतिष्ठानको लेखा परीक्षण प्रत्येक वर्ष साधारण सभाबाट स्वीकृत रजिष्टर्ड लेखा परीक्षणबाट गराउनु पर्नेछ ।
(ख) लेखा परीक्षण प्रतिवेदन प्रत्येक वर्ष सम्वन्धित निकायमा पठाउनु पर्नेछ ।
*(ग) प्रतिष्ठानको लेखा परिक्षण तथा वार्षिक प्रगति विवरण हरेक वर्ष जिल्ला प्रशासन कार्यालय तथा समाज कल्याण परिषदमा पठाउनु पर्नेछ ।

## परिच्छेद - ५

२४. निर्वाचन सम्वन्धि व्यवस्था

(क) साधारण सभाबाट एक व्यक्ति एक मतको आधारमा वा सर्व सम्मतको आधारमा हुनेछ ।
(ख) निर्वाचन गराउन कार्य समितिले निर्वाचन समितिको गठन गर्नेछ ।
(ग) निर्वाचन समितिले आफ्नो कार्य अवधि कार्य समितिको सल्लाह मुताविक आफैंले निर्धारण गर्नेछ ।
(घ) प्रतिष्ठान दर्ता भएको ६ महिना भित्र कार्य समितिको निर्वाचन गरी सो को प्रतिवेदन स्थानिय अधिकारी समक्ष पेश गरिने छ ।

२५. उम्मेदवार कुल योग्यता देहाय वमोजिम हुनेछ ।

(क) संस्थाको सदस्य भएको ।
(ख) १६ वर्ष उमेर पुरा भएको ।
(ग) मानसिक सन्तुलन नविग्रेको ।

२६. विधान संशोधन

(क) प्रतिष्ठानको विधान संशोधन गर्न परेमा साधारण सभामा विशेष प्रस्ताव ल्याई साधारण सभामा स म्पूर्ण सदस्यको दुई तिहाई वहुमतबाट विधान संशोधन गर्न सकिने छ ।
(ख) संशोधित विधान संस्था दर्ता ऐन वमोजिम स्वीकृत प्राप्त भएपछि संशोधित रुपमा लागु हुनेछ ।
* (ग) स्वीकृत विधानको एक प्रति समाज कल्याणको परिषदमा पठाईने छ ।

२७. प्रतिष्ठानको विघटन

(क) कुनै कारणवंश प्रतिष्ठानको विघटन भएमा यस प्रतिष्ठानको दायित्व फरफारक गरि प्रतिष्ठानको स म्पूर्ण चल अचल सम्पत्ति नेपाल सरकारमा हुनेछ ।

२८. <u>वाधा अड्चन फुकाउने अधिकार</u>

यस विधान वमोजिमा कुनै काम कारवाही गर्दा अस्पष्टता, जटिलता आएमा विधानको अन्तिम व्याख्या गरी बाधा अड्चन फुकाउने अधिकार कार्य समितिलाई हुनेछ ।

२९. <u>अविश्वासका प्रस्ताव</u>

(क) कार्य समिति वा त्यसको कुनै पदाधिकारी वा सदस्यहरु उपर अविश्वासको प्रस्ताव ल्याउन सकिने छ ।

(ख) अविश्वासको प्रस्ताव ल्याउँदा सम्पूर्ण सदस्यहरुको एक तिहाई सदस्यहरुको हस्ताक्षर भएको अविश्वासको प्रस्ताव साधारण सभामा पेश गर्न सकिने छ ।

(ग) साधारण सभामा अविश्वासको प्रस्ताव उपर सम्पूर्ण सदस्य संख्याको दुई तिहाई वहुमत भई प्रस्ताव पारित भएमा सम्वन्धित पदाधिकारी वा सदस्यहरु सो पदबाट हटेको मानिने छ ।

(घ) सम्वन्धित पदाधिकारी तथा सदस्यहरुलाई अथवा जसको विरुद्ध अविश्वासको प्रस्ताव ल्याईन्छ सो व्यक्तिलाई सफाईको मौका दिन अविश्वासको प्रस्ताव साधारण सभा बस्ने दिनको १० दिन अगाडि कार्य समितिमा पेश गर्नु पर्नेछ ।

३०. <u>नियम बनाउने अधिकार</u>

(क) यो विधानको उद्देश्य वमोजिम काम कारवाही गर्न कार्य समितिले यस अर्न्तगत नियम विनियम बनाई लागु गर्न सकिने छ ।

३१. <u>प्रतिष्ठानको खारेजी र यसको परिणाम</u>

प्रतिष्ठानको सम्पूर्ण सदस्य मध्ये दुई तिहाई सदस्यहरुले प्रतिष्ठानलाई खारेज गर्ने निर्णय गरेमा यो प्रतिष्ठान खारेज हुनेछ र यो प्रतिष्ठानको सम्पूर्ण चल अचल सम्पत्ति समेतको दायित्व **स्वत: नेपाल सरकारको वामित्वमा जानेछ ।**

३२. <u>निस्कृयता</u>

प्रचलित ऐन कानुन वमोजिम यो विधान बाँझिएको हदसम्म स्वत: निस्कृय हुनेछ ।

नोट : * **Bold** गरिएको हरफ र अक्षरहरु मिति ......................... मा संशोधन तथा थप गरिएका हुन् ।